# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।१७ गते ।

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

विशेष अदातलमा दर्ता भएको मुद्दा नं.०८२-CR-००७८ मा वादी नेपाल सरकार प्रतिवादी रामा शंकर प्रसाद कुशवाहासमेत भएको भ्रष्टाचार मुद्दामा सरकारी साक्षी दुर्गा भण्डारी (थापा) ले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान कागज तथा आरोप मागदाबीको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वादी नेपाल सरकार प्रतिवादी रामा शंकर प्रसाद कुशवाहासमेत भएको गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको मुद्दामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण रुपमा छुट दिई प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएका जिल्ला रौतहट, चन्द्रपुर नगरपालिका वडा नं. ८ वतन भएका दुर्गा भण्डारी (थापा) ले विशेष अदालत, काठमाडौंमा मिति २०८३।०१।०२ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा आरोप मागदाबी व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले बलरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बलरा, सर्लाहीले सञ्चालन गरेको "किशोरीहरुको लागि खेलौना बनाउने तालिम" को मुख्य प्रशिक्षक भई तलिम सञ्चालन गर्न मिति २०८१।०१।१० गते श्री शान्ति विकास कल्याण केन्द्र नेपाल गौर रौतहटको तर्फबाट निज प्रतिवादी दुर्गा भण्डारी (थापा) बीच सम्झौता भई उक्त तालिममा प्रशिक्षण दिएवापत ३० दिने तालिम/कार्यक्रमको जम्मा ५ दिन मात्र प्रशिक्षण दिई ३० कार्य दिन नै तालिम भएको देखिने गरी गलत तथा झुट्टा लिखत तयार गर्न गराउन मद्दत गरी आफूसमेतलाई गैरकानुनी लाभ र सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याउने बद्‌नियतले गरेको कार्य कसुर (Actus Reus) भएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा मुख्य कसुरदारलाई बिगो रु.३,८२,०५३।–(तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने